नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या
च.नं.

प्रेस विज्ञप्ति

नेपाल–अष्ट्रेलिया Trade and Investment Framework Arrangement–TIFA अन्तर्गत गठित Joint Trade and Investment Committee को प्रथम बैठक मिति २०८३ साउन ७ गते (तदनुसार २३ जुलाई २०२६) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाडौँमा सम्पन्न भयो । बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीज्यूले तथा अष्ट्रेलियाली प्रतिनिधिमण्डलको नेतृत्व अष्ट्रेलिया सरकारको Department of Foreign Affairs and Trade अन्तर्गत दक्षिण तथा मध्य एशिया महाशाखाका First Assistant Secretary Ms Sarah Storey ले गर्नुभएको थियो । बैठकमा नेपालका लागि अष्ट्रेलियाका राजदूत H.E. Simon Ernst लगायत दुवै देशका उच्चपदस्थ अधिकारीहरूको सहभागिता रहेको थियो।

बैठकमा नेपाली पक्षले द्विपक्षीय व्यापार तथा लगानी विस्तार, आर्थिक सहकार्य सुदृढीकरण तथा नेपालबाट चिया, कफी, अलैंची, पश्मिना, गलैंचा, जडीबुटी र हस्तकलाजस्ता उच्च मूल्यका वस्तुको निर्यात प्रवर्द्धनमा जोड दिएको थियो। साथै, वैदेशिक लगानीसम्बन्धी नीतिगत सुधारबारे जानकारी गराउँदै जलविद्युत्, नवीकरणीय ऊर्जा, सूचना प्रविधि, कृषि प्रशोधन उद्योग, पर्यटन तथा पूर्वाधारलगायतका क्षेत्रमा अष्ट्रेलियाको लगानी आकर्षित गर्ने विषयमा छलफल भएको थियो।

अष्ट्रेलियन पक्षले जैविक सुरक्षा (Biosecurity) तथा फ्युमिगेसन सम्बन्धी मापदण्ड परिपालनका लागि प्राविधिक सहयोग, प्रयोगशाला क्षमता अभिवृद्धि र व्यापार प्रक्रियाको डिजिटलाइजेसनमा सहकार्य, सेवा व्यापार, शिक्षा, पर्यटन लुगायका क्षेत्रमा निजी क्षेत्रबीच व्यापार तथा लगानी साझेदारी विस्तार तथा अष्ट्रेलियामा रहेका नेपाली विद्यार्थी र डायस्पोराको ज्ञान, सीप र लगानीलाई नेपालको विकाससँग आबद्ध गर्ने विषयलाई जोड दिएको थियो ।

बैठकमा दुवैपक्षबीच सहमत भएका प्राथमिकताका क्षेत्रहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने साथै नियमित संस्थागत संवादलाई निरन्तरता दिने सहितको माइन्युटमा हस्ताक्षर भएको थियो।

दुवै पक्षले यस बैठकले नेपाल–अष्ट्रेलिया व्यापार तथा लगानी सम्बन्धलाई थप सुदृढ, परिणाममुखी र दिगो बनाउने दिशामा महत्त्वपूर्ण आधार तयार गरेको विश्वास व्यक्त गरेका छन्।

मिति २०८३।०४।०७ गते, बिहीवार।

नेत्रप्रसाद सुवेदी
प्रवक्ता